Tarangini foundation

छाल वर्ष ४ अङ्क १

# छाल



## सम्पादकीय

# महिलाको श्रम, संघर्ष र अधिकारको सवाल

नेपालको श्रम बजार आज एउटा गहिरो संरचनात्मक समस्यासँग जुधिरहेको छ; अनौपचारिक श्रमको अत्यधिक प्रभुत्व। श्रम सर्वेक्षणका अनुसार श्रम बजारको ठूलो हिस्सा अझै पनि अनौपचारिक क्षेत्रमा निर्भर रहनु केवल तथ्याङ्कीय विषय होइन, यो लाखौँ श्रमिकको असुरक्षित जीवन र अनिश्चित भविष्यको चित्र हो।

नेपालको श्रम बजारमा महिलाको उपस्थिति उल्लेख्य छ, तर महिलाहरूको श्रम अझै पनि असमानता, असुरक्षा र अदृश्यताको घेरामा सीमित छ। अनौपचारिक श्रम क्षेत्रको ठूलो हिस्सामा महिला श्रमिकको सहभागिता भए पनि महिलाहरूको कामलाई न त पर्याप्त मूल्यांकन गरिएको छ, न त उचित सुरक्षा र सम्मान सुनिश्चित गरिएको छ।

घरायसी जिम्मेवारीसँगै बाह्य श्रममा संलग्न हुनुपर्ने बाध्यताले महिला श्रमिकको जीवन दोहोरो बोझमा परेको छ। खेतबारी, निर्माण कार्य, घरेलु श्रमदेखि लिएर सेवा क्षेत्रमा समेत महिलाहरू सक्रिय छन्, तर महिलाहरूको श्रम प्रायः न्यून पारिश्रमिक र अस्थिर रोजगारीसँग जोडिएको छ। समान कामका लागि समान ज्याला पाउने सिद्धान्त व्यवहारमा अझै कमजोर छ।

अनौपचारिक श्रमको उच्च हिस्सामा महिला श्रमिकहरू रहे पनि महिलाहरू सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, बिमा र कानुनी संरक्षणबाट वञ्चित छन्। स्थायित्व भन्दा पनि दैनिक जीविकोपार्जनमा सीमित देखिन्छ। महिलाहरूलाई न त दीर्घकालीन रोजगारीको ग्यारेन्टी छ, न त सामाजिक सुरक्षाको पूर्ण पहुँच। काम गरे पनि भविष्य सुरक्षित छैन भन्ने डर महिलाहरूको दैनिकीसँगै जोडिएको छ।

काम गर्दा हुने जोखिम, लैङ्गिक हिंसा र कार्यस्थल असुरक्षाले उनीहरूको जीवनलाई थप चुनौतीपूर्ण बनाएको छ।

यसबाहेक, महिला श्रमिकहरू निर्णय प्रक्रियामा न्यून रूपमा सहभागी छन्। श्रम नीतिहरू निर्माण हुँदा महिलाहरूको अनुभव र आवश्यकताहरू पर्याप्त रूपमा समेटिएको देखिँदैन। यसले नीति र वास्तविकता बीचको दूरीलाई अझ गहिरो बनाएको छ ।

शिक्षा र सीप भए पनि महिलाहरूलाई आफ्नो क्षमताअनुसारको रोजगारी पाउन कठिनाइ भइरहेको छ। सामाजिक संरचना, अवसरको असमान वितरण र श्रम बजारमा रहेको विभेदले महिलाहरूको आर्थिक सशक्तिकरणमा बाधा पुर्‍याइरहेको छ।

अबको आवश्यकता महिला श्रमिकलाई केवल श्रमिकका रूपमा होइन, अधिकारसम्पन्न नागरिकका रूपमा हेर्ने दृष्टिकोण विकास गर्नु हो। समान ज्याला, सुरक्षित कार्यस्थल, सामाजिक सुरक्षा र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित नगरी महिला सशक्तिकरण सम्भव हुँदैन।

अन्त्यमा, महिलाको श्रमलाई सम्मान गर्नु भनेको केवल महिलाहरूको योगदान स्वीकार गर्नु होइन, महिलाहरूको अधिकार सुनिश्चित गर्नु हो। समान र न्यायपूर्ण श्रम वातावरण निर्माण नगरेसम्म समावेशी विकासको लक्ष्य अधुरै रहनेछ।



# अदृश्य श्रमको आवाज




घरेलु श्रमिकको पनि मूल्यांकन काममा
लेख्नु पर्छ मुख्य एजेन्डा आउने संविधानमा।
झुल्किएदेखि अस्ताउञ्जेलसम्म छैन फुर्सद एकछिन,
हिंसा, अन्याय, अत्याचार सहँदै बितिरहेछ दिन।

घर, गाउँ, समाजले महिलाको श्रम शोषण गर्या छ,
घरदेखि राज्यसम्म समान अधिकार खै कहाँ छ?
कहिले भान्से, धोबी, गोठालो, घाँसे–दाउरे हुँदै,
दिन बित्छ काममै काममा तर यसको मूल्यांकन नभई।

परिश्रमी हौ महिला, पौरखी, सहनशील, मेहनती,
तर निर्णायक नियन्त्रणमा छैन अधिकार रत्ती।
नाला पानी काङ्गडामा महिलाको इतिहास छ,
पुरुष समान महिला शक्तिको त्यहाँ पहिचान छ।

कोखमा नानी च्यापी देशकै लागि लडे,
तर आज महिला शक्ति नचिनेरै सडे।
महिलाले गर्न नसक्ने भन्ने कहाँ के छ?
हाक्छन् महिलाले सारथी भई घर मात्रै होइन देश।

धेरै भयो असमानता यो अब यो विभेदलाइ फाडौँ
एकतालाई गुणा गरौँ, जिम्मेवारीलाई भाग लगाऔँ,
अवसरलाई एक–आपसमा बराबरी बाँडौँ।



**तारा घिमिरे (सुनसरी)**

# जसको कामले घर चल्छ, उसैको जीवन 'केही नगर्ने' भनेर चिनिन्छ : लेखक – रुमा रिजाल

बिहानको घाम नउदाउँदै सुनसरी बांगेकी गौरी सरदार अर्काको घरको ढोका खोल्न पुग्नुहुन्छ। झोलामा एक जोर पुराना कपडा र मनभित्र दिनभरि सकिनसकी गर्ने कामको सूची—भाँडा माझ्नु छ, कपडा धुनु छ, भान्सा सफा गर्नु छ, घर सफा गर्नु छ, करेसाबारी गोडमेल गर्नु छ इत्यादी।

साँझ फर्किंदा उहाँको शरीरले दिनभरि ठूलो काम गरेको थकान देखाउँछ। तर समाजका नजरमा उहाँ अझै पनि 'केही नगर्ने' मान्छे नै हुनुहुन्छ। दिनभर गरेको कामले कामको दर्जा नै पाउँदैन, घरमा गएर उहाँ फेरि घरको काममा घोटिनुहुन्छ।

गौरी दुई छोराछोरीकी आमा हुनुहुन्छ। उहाँका श्रीमान् स्थायी रोजगारीमा हुनुहुन्न। उहाँ कामको खोजीमा भारत छिरेको धेरै भयो, तर राम्रो काम पाएको खबर गौरीलाई आएको छैन। अहिले परिवार चलाउने मुख्य आधार उहाँ नै हुनुहुन्छ। अर्काको घरमा घरेलु श्रमिक भएर कमाएको पैसाले उहाँले छोराछोरी हुर्काइरहनु भएको छ। तर उहाँ आफैं भने यसलाई 'काम' मान्न तयार हुनुहुन्न।

"काम भनेको त बाहिर अफिस गएर १० बजेदेखि ५ बजेसम्म बसेर तलब लिएर गर्ने हो नि," उहाँ भन्नुहुन्छ, "घरभित्र भाँडा माझ्ने, कपडा धुने, भान्सा गर्ने त के काम हो र? यो त बसिबियालो हो।" घरको काम गरेर त यसो "दुई–चार पैसा कमाइन्छ, त्यसैले परिवार चल्छ," यसलाई के काम भन्नु उहाँ सहजै भन्नुहुन्छ।

"घरको काम गरेर के पैसा कमाउँथी र?" "साहुलाई खुसी पार्न जे पनि गर्नुपर्छ होला।"
यस्ता टिप्पणीहरू सुन्दा गौरीको मन दुख्छ।
उहाँ भन्नुहुन्छ, "मान्छेहरू काम देख्दैनन्, कुरा मात्रै काट्छन्।"

जहाँ जहाँ उहाँ काम गर्न जानुहुन्छ, त्यहाँको व्यवहार पनि सधैं एउटै हुँदैन। कुनै घरमा उहाँलाई नामले बोलाइन्छ। चिया पनि सोधिन्छ। कहिलेकाहीँ थाकेको बेला बस्न पनि भनिन्छ। तर कतिपय घरमा भने फरक अनुभव हुन्छ।

“ओइ केटी, यसो गर। ओइ, उता सफा गर, काम वाली आइ जस्ता सम्बोधन हुन्छ,” उहाँ सुनाउनुहुन्छ।

त्यस्तो व्यवहार सुन्दा उहाँले त्यसलाई सामान्यजस्तै मान्नु भएको छ।

“म नराम्रो मान्दिन,” उहाँ भन्नुहुन्छ।

“म सानो काम गर्छु, यसमा सम्मान खोज्दिन।”

गौरीको यो वाक्य सुन्दा लाग्छ समाजले मात्र होइन, उहाँले आफैंले पनि आफ्नो श्रमको मूल्य कम आँक्नु भएको छ। जब गौरी आफैले गरिरहेको कामको मूल्य र मान्यता बुझ्नुहुनेछ, अनि मात्रै उहाँले गरिरहेको कामको मूल्य खोज्न थाल्नुहुनेछ।

घरेलु श्रमलाई श्रमकै रूपमा नमान्ने सोच समाजमा गहिरो जरा गाडेर बसेको छ। यही सोचले गर्दा गौरीजस्ता महिलाहरू समाजका लागि अदृश्य श्रमिक बन्नु भएको छ। उहाँहरूका हातले घर चल्छ, परिवार टिक्छ, बच्चाहरू हुर्किन्छन्। तर उहाँहरूको कामलाई न त औपचारिक मान्यता छ, न सम्मान।

गौरीको यो कथा हजारौँ घरेलु श्रमिक महिलाहरूको साझा यथार्थ हो, जसले घर चलाउनुहुन्छ तर आफ्नो कामको पहिचान पाउनुहुन्न। घरभित्र गरिने यो अदृश्य श्रमले परिवार, समाज र अर्थतन्त्रलाई आधार दिएको छ। तर अझै पनि यो श्रमलाई न कामको मान्यता छ, न सम्मान।

गौरीको दैनिकीले अन्ततः एउटा गहिरो प्रश्न छाडेर जान्छ

घर चलाउने यति ठूलो श्रम कहिलेसम्म ‘केही नगर्ने काम’ भनेर चिनिरहने?

# तिमि घर मै त बस्छौ !

घरका हरेक कुनामा उनको उपस्थिति छ
कुचोको आवाजमा,
भाँडाको ठकठकमा,

उनको समयको घडी छैन,
न त छुट्टीको कुनै क्यालेन्डर

"तिमी त घरमै त बस्छौ"
भन्ने वाक्यले
उनको अस्तित्वलाई सानो बनाउँछ,
जबकि उनी नै हुन्
घरलाई घर बनाउने



उनका पसिनाका थोपा
न त तलबमा बदलिन्छन्,
न सम्मानमा

तर समाजको ढाँचा
उनीकै काँधमा अडिएको छ।

एक दिन
उनको मौनता पनि बोल्नेछ
त्यतिबेला
भान्साको धुवाँसंगै उनको पहिचान
पनि आकाशतिर उठ्नेछ



**ममता राय (सुनसरी)**

**श्रमको सम्मान हाम्रो पहिचान: मर्यादित श्रम रुपान्तरणको अभियान**

# घरेलु श्रमबाटै जीवन बदल्ने प्रयास :
# लेखक – रुमा रिजाल

सुनसरीको रामधुनी नगरपालिकाकी ४५ वर्षीया सीता कटुवाल आफूलाई घरेलु श्रमिक भन्न हिच्किचाउँनुहुन्न। उहाँले १६ वर्षदेखि घरभित्रको काम गर्दै आउनु भएको छ। "अहिले म दिनमा ४–५ वटा घरको काम गर्छु," उहाँ भन्नुहुन्छ, "तर मलाई अझै काम थोरै भएको जस्तो लाग्छ, म अझै गर्न सक्छु।"

सीता साइकल चढेर घर–घर काम गर्न पुग्नुहुन्छ। बिहानको चिसो हावा चिर्दै उहाँ एक घरबाट अर्को घर पुग्नुहुन्छ।हुन त सीताका श्रीमान् विदेशमा छन्। धेरैले उहाँलाई सोध्ने गर्छन्—"श्रीमान् विदेशमा हुँदा पनि अरूको घरमा काम गर्न किन आवश्यक पर्यो?" तर सीताको सोच फरक छ।

उहाँ भन्नुहुन्छ, "मेहनत दुवै जनाले गरेपछि मात्र जीवन सहज हुन्छ। शरीर पनि फुर्तिलो रहन्छ।" घरेलु श्रमिकका रूपमा श्रम गरेर उहाँले घरपरिवार चलाउन श्रीमानलाई भरपूर सहयोग गरिरहनु भएको छ।

"पहिला त मलाई पनि लाग्थ्यो अर्काको घरमा भाँडा माझ्ने काम कति गाह्रो होला," उहाँ हाँस्दै भन्नुहुन्छ, "तर पछि बुझ्दै गएँ, यो काम पनि अरू कामजस्तै हो।" घरभित्रको काम गर्न थालेपछि उहाँले आफूभित्र आत्मविश्वास पनि बढेको महसुस गर्नुभयो।

"अरू कामभन्दा मलाई त घरभित्रको काम नै सजिलो लाग्छ। तर समस्या के हो भने अरूले यो कामलाई होच्याएर हेर्छन्।" सुरुसुरुमा भने यो निर्णयले उहाँलाई सामाजिक टिप्पणीको सामना गर्न बाध्य बनायो। धेरैले उहाँको कुरा काटे। आफन्त र छिमेकीहरूले पनि हेपेर बोल्थे।

"अर्काको जुठो भाँडा माझ्ने काम गर्नुहुन्छ," भनेर टिप्पणी गर्नेहरू कम थिएनन्।

त्यस्ता कुरा सुन्दा कहिलेकाहीँ मन दुख्थ्यो। तर उहाँले आफूलाई सम्झाउनुहुन्थ्यो पेट पाल्न र परिवारका लागि गरिएको श्रम कहिल्यै सानो हुँदैन।

समय बित्दै जाँदा सीताले आफ्नो काम छोड्नु भएन। घर व्यवस्थापन, बालबच्चाको हुर्काइ र काम सबैलाई सन्तुलनमा राख्दै अघि बढिरहनु भयो। त्यही मानिसहरूको सोच पनि बिस्तारै बदलिन थाल्यो। “दुःख गरेर खाएकी छिन्, छोराछोरी पढाएकी छिन् भनेर अहिले धेरैले सराहना पनि गर्छन्,” सीता सुनाउनुहुन्छ।

आफूले गरेको श्रमले आफ्ना आवश्यकता पूरा गर्न र बच्चाहरूको भविष्य बनाउन सकेकोमा उहाँ सन्तुष्ट हुनुहुन्छ। तर श्रमअनुसारको ज्याला र कामको सम्मान नपाएकोमा भने उहाँलाई दुःख लाग्छ।

“समाजले घरभित्रको कामलाई काम नै नठानेका कारण हामी घरेलु श्रमिक महिलाले कामको सम्मान र पारिश्रमिक पाउन सकिरहेका छैनौँ,” उहाँ भन्नुहुन्छ।

“हामीले गर्ने कामको पनि निश्चित पारिश्रमिक तोकिएको भए धेरै सहज हुन्थ्यो,” उहाँ थप्नुहुन्छ।

सुनसरीका धेरै स्थानीय तहले अझै पनि सीताजस्ता महिलाले गर्ने घरेलु श्रमलाई औपचारिक रूपमा सूचीकृत गरेका छैनन्।यही कारणले गर्दा उनीहरू जस्ता हजारौँ महिलाको श्रम आज पनि सरकारी तथ्याङ्क र नीतिको दायराभन्दा बाहिरै छ।

घर चलाउने, परिवार धान्ने र भविष्य निर्माण गर्ने श्रम भएर पनि घरेलु श्रम अझै अदृश्य श्रमकै रूपमा रहिरहेकै छ।

**घरेलु श्रम पनि श्रम हो !**

## श्रम ऐन २०७४



भेदभाव गर्न नहुनेः रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन ।

समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नहुनेः लिङ्गको आधारमा श्रमिकबीच समान मूल्यको काम (इक्वयल भ्यालु अफ वर्क) को लागि पारिश्रमिकमा भेदभाव गर्न हुँदैन ।

रोजगार सम्झौता नगरी काममा लगाउन नहुनेः रोजगारदाताले रोजगार सम्झौता नगरी कसैलाई काममा लगाउन हुँदैन ।

काम गर्ने समयः रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन ।

सम्पादक : सुमिना महर्जन

सह सम्पादक : रुमा रिजाल

सल्लाहकारः डा. रेणु अधिकारी